**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:18.11.2025**

---

***मुख्यमन्त्री तामाङले सेना प्रमुखसँग भेट गरे***

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज आफ्नो सरकारी निवासमा सेना प्रमुख जनरल उपेन्द्र दविवेदीसंग भेट गर्नुभयो। उनका साथ पूर्वी कमान का जनरल आँफिसर कमांड, त्रिशक्ति कोर का जीओसी र ब्लैक कैट डिवीजनका जीओसी पनि उपस्थित थिए। उनीहरूले राष्ट्रिय सुरक्षा, रणभूमि दर्शन, सैन्य नागरिक एकीकरण र सिक्किमका पूर्वसैनिकहरूका लागि कल्याणकारी उपायहरूमा केन्द्रित पारस्परिक हितका विषयमा छलफल गरे।

---

***पाकिममा एकता मार्च***

भारतका लौहपुरूष सरकार वल्लभभाई पटेलको 150 औं जन्मजयन्तीको अवसरमा राष्ट्रव्यापी रूपमा मनाइने एकता मार्चको एक भागको रूपमा, जिल्ला प्रशासन केन्द्र, पाकिम र माई भारत ले आज त्यहाँ औपचारिक कार्यक्रमपछि जिल्ला स्तरीय पजयात्राको आयोजना गरयो। जिल्ला स्तरीय एकता मार्चको सुरूवात- वन्दे मातरमको सामूहिक गायनबाट भयो, त्यसपछि पाकिमका जिल्लापाल रोहन अगवानेले अधिकारीहरू र सहभागीहरूलाई राष्ट्रिय एकताको प्रतिज्ञा गराए। प्रमुख अतिथि, जिल्ला अध्यक्ष लादेन ल्हामु भुटियाले अतिथिसँगै डीएसी पाकिम निस्केको एकता मार्च पदयात्रालाई इण्डा देखाएर सुरूवात गर्नुभयो।

---

***नावार्ड, सिक्किम क्षेत्रीय केन्द्रले गान्तोकमा सहकारी सम्मेलनको आयोजना गरयो***

राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंक, सिक्किम क्षेत्रीय केन्द्रले सिस्को बैंक लिमिटेडसँगको सहकार्यमा सहकारी सम्मेलन अन्तर्राष्ट्रिय सहकारी वर्ष 2025 को उत्सव कार्यक्रमको आयोजना गरेको छ। सम्मेलनको विषयवस्तु समावेशी विकासका लागि सहकारीलाई सुदृढ बनाउने रहेको थियो। सिक्किम सरकारका सहकारी तथा ग्रामीण विकास मन्त्री अरूण कुमार उप्रेतीले कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाएका थिए। यस सम्मेलनमा धेरै सहकारी संस्थाहरू सामेल भए। कार्यक्रममा सिकुन सिमफेड, सिस्को, नाबार्डका प्रतिनिधिहरू, अन्य बैंकका प्रतिनिधिहरू र केन्द्रीय सरकारका अधिकारीहरू सहभागी थिए।

---

***इन्द्र हाङ सुब्बाले प्रमुख संसदीय बैठकहरूमा भाग लिनुभयो***

सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बाले नयाँ दिल्लीस्थित संसद भवन एनेक्सीमा लोकसभा सांसद कनिमोझी करूणानिधिको अध्यक्षतामा बसेको उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण सम्बन्धी स्थायी समिति को बैठकमा भाग लिनुभयो। समितिले शिशु उत्पादन र अन्य खाद्य उत्पादनहरूमा चिनीको मात्राको विशेष सन्दर्भमा प्याकेज गरिएका वस्तुहरूको नियमन विषयमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयसँगै उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालय का प्रतिनिधिहरूले प्रस्तुत गरेको मौखित प्रमाणको जाँच गर्न बैठक बस्यो। छलफलहरू उपभोक्ता सुरक्षाको उच्च मापदण्ड, खाद्य लेबलिङमा पारदर्शिता र सार्वजनिक स्वास्थ्यमा व्यापक प्रभावहरू सुनिश्चित गर्ने कुरामा केन्द्रित थिए। समितिले खाद्य पदार्थको भण्डारण वर्तमान पूर्वाधार र भविष्यको रणनीति विषयमा उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालय को मौखित प्रमाण पनि सुन्यो। छलफलले भण्डारण क्षमता बढ़ाउने, पूर्वाधारको आधुनिकीकरण गर्न र खाद्यन्नको क्षति न्यूनीकरण गर्ने उपायहरूको आवश्यकतालाई प्रकाश पारेको थियो।

---

***नशा मुक्त भारत अभियान पाकिम***

नशा मुक्त भारत अभियान कार्यक्रम कार्यान्वयनको पाँच वर्षको उपलक्ष्यमा आज जिल्ला प्रशासनिक केन्द्र पाकिममा सहभागीहरूलाई यस सम्बन्धमा शपथ लिनु लाईयो। राष्ट्रव्यापी समापन कार्यक्रको एक भागको रूपमा, सहभागीहरूलाई शपथ अनलाइन लिन, प्रमाणपक्र डाउनलोड गर्न र फोटोहरू सहित साझा गर्न प्रोत्साहित गरियो।

---

***गभर्नर गोल्ड कप 2025***

गान्तोकको पाल्जोर स्टेडियममा भएको अखिल भारतीय गभर्नर कप 2025 को पहिलो प्रि- क्वार्टर फाइनलमा डायमंड हार्बर फुटबल क्लबले सिक्किम पुलिस फुटबल टोलीलाई 2-1 गालले पराजित गऱ्यो। सिक्किम पुलिसका जोन लेप्चाले उद्घाटन गोल गरे, दोस्रो हाफमा डायमंड हार्बर फुटबल क्लबका अम्बरनाथ बास्केले बराबरी गरे। त्यसपछि खेल अतिरिक्त समयमा पुग्यो जहाँ आकाश हान्डेमले अर्को गोल गरे। यसरी डायमंड हार्बर एफसीले सिक्किम पुलिस फुटब डोलिलाई 2-1 गोलले पराजित गऱ्यो।

---

***अधिकारीहरू, किसानहरू, गैरसरकारी संस्थाको टोलीले सिक्किम केन्द्रको एन इ एच क्षेत्रको लागि आई सि ए आर अनुसन्धान परिसरको भ्रमण गरे***

केन्द्र शासित प्रदेश लद्दाख का अधिकारीहरू, किसानहरू र आठ सदस्याहरूको गैरसरकारी संस्थाको टोलीले सिक्किम राज्य जैविक प्रमाणीकरण एजेन्सी का अधिकारीहरूसँगै आज सिक्किम केन्द्रको एन इ एच क्षेत्रको लागि आई सि ए आर अनुसन्धान परिसरको भ्रमण गरे। लेहबाट भ्रमण गर्ने टोलीलाई राज्य भित्र आई सि ए आर द्वारा गरिएका जैविक अभियानमा आई सि ए आर को महत्वपूर्ण योगदानको बारेमा जानकारी गराइएको थियो। क्षेत्र भ्रमणको समन्वय क्षेत्रीय केन्द्रका प्रमुख डा. अशोक कुमार, वरिष्ठ वैज्ञानिक डां शाओन कुमार दास र वैज्ञानिक एसएस डा अमित कुमारले गरेका थिए।

---